बैठक मितिः २०८१/१०/१०२८

बैठक सङ्ख्याः ३०

छलफल तथा निर्णयः

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट कास्की जिल्लाको मादी गाउँपालिका वडा नं.१ र २ मा ६.४१६ कि.मि लम्बाइ भएको सिक्लेश अन्नपुर्ण केवलकार आयोजना निर्माणका लागि वन क्षेत्रको जग्गा भोगाधिकारका लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा समावेश गरिदिन सचिवस्तरीय निर्णयबाट अनुरोध भई आएकोमा छलफल हुँदा निजी क्षेत्रबाट सञ्चालन हुने उक्त आयोजना औद्योगिक व्यवसाय ऐन, २०७६ द्वारा व्यवस्थित हुने र उक्त ऐनले केवलकारलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगमा वर्गिकरण गरेकोले ऐनको सोही व्यवस्था कार्यान्वयन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाउने।

२. पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त "पर्यटन नीति, २०८१" मा राय पठाउने विषयमा छलफल हुँदा उक्त नीतिमा सुझाव पठाउन सरोकारवालासँग पुनः छलफल गरी राय पठाउने।

३. राष्ट्रिय योजना आयोगबाट परिमार्जन सहित प्रकाशन गर्न लागिएको "प्रमुख आर्थिक परिसूचकहरूको प्रयोग विधि सम्बन्धी हाते पुस्तक" का सन्दर्भमा छलफल हुँदा सम्बन्धित विषय विशेषज्ञहरूसँग छलफल गरी प्राप्त राय सुझावका आधारमा परिमार्जन सहित प्रकाशन गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१/१०/२३ गते प्रकाशित सुशासन सम्बन्धी विज्ञप्तिबारे अवगत गरियो।

५. १६औं योजना र हरित तथा जलवायुमैत्री विकास सम्बन्धी कार्यशालाको निष्कर्षमा छलफल भयो, उक्त निर्ष्कर्षलाई आयोगको वेभसाइट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

६. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्बन्धी मापदण्ड, २०८१ का बुँदा अवगत भयो।

७. अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा ३६ अनुसार "अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको मस्यौदा निर्माणको लागि माननीय सदस्य गंगादत्त अवस्थीको संयोजकत्वमा देहायको कार्यदल गठन गर्ने निर्णय गरियो।

१. माननीय सदस्य श्री गंगादत्त अवस्थी — संयोजक

२. सहसचिव, अनुगमन तथा मुल्याङ्कन महाशाखा- सदस्य

३. कार्यक्रम निर्देशक, अनुगमन शाखा — सदस्य सचिव

उक्त कार्यदलले आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

८. राष्ट्रिय योजना आयोगका सदस्यको रूपमा रही विकास, योजना तर्जुमामा संलग्न हुनु भएका पूर्व सदस्य डा. प्रभु बुढाथोकीको मिति २०८१/१०/२३ मा भएको निधनले राष्ट्रिय योजना आयोग स्तब्ध भएको छ। यस दुखद् घढीमा दिगंवत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं। साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना गर्दछौं।